# स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबाट सम्पादित कार्यको समष्टिगत अभिलेखको आधारमा राष्ट्रिय नीति, योजना र कार्यक्रम तर्जुमा गर्न, लगानीबाट प्राप्त उपलब्धीको सहज र प्रभावकारी रुपमा मापन गर्न तथा स्थानीय तहमा विकास व्यवस्थापन, सेवा प्रवाह एवं प्रशासनिक कामकारबाहिमा प्रभावकारीता अभिवृद्धि गर्न, नेपालको संविधानको धारा २२० को उपधारा (७) बमोजिम जिल्ला समन्वय समिति मार्फत् स्थानीय तहबाट सम्पादित विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्न र सो को अनुगमन गरी एकीकृत प्रतिवेदन तयार गर्न आवश्यक कानूनी प्रबन्ध गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली सञ्चालन कार्यविधि, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**अनुगमन**" भन्नाले स्थानीय तहबाट स्वीकृत नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा गरिने लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए नभएको वा अपेक्षित नतिजा हासिल भए नभएको सम्बन्धमा जिल्ला समन्वय समिति र मन्त्रालयबाट निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रगति" भन्नाले निश्चित समयावधिभित्र तोकिएको लक्ष्य बमोजिम स्थानीय तहबाट सम्पादन भएका कार्यहरुको समष्टिगत परिमाणलाई बुझाउँछ ।

(ङ) "प्रतिवेदन" भन्नाले सूचना प्रविधिमा आधारित तोकिएको अनुगमन तथा प्रतिवेदन प्रणालीमा प्रविष्ट भएको विवरणको आधारमा तयार भएको वा स्थलगत अनुगमनबाट प्राप्त निष्कर्ष सम्प्रेषण गर्नका लागि तयार भएको विवरण सम्झनु पर्छ ।

(च) **"प्रणाली"** भन्नाले यस कार्यविधि बमोजिमको **'स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली'** सम्झनु पर्छ ।

(छ) "**स्थानीय तह**" भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ ।

(ज) "समिति" भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## अनुगमनको क्षेत्र

३. अनुगमनका क्षेत्रः यस कार्यविधिको अधिनमा रही स्थानीय तहमा गरिने अनुगमनका क्षेत्र देहाय बमोजिम हुनेछन्:

(क) नीति तथा योजना

(ख) वित्तीय व्यवस्थापन

(ग) आर्थिक-सामाजिक विकास

(घ) सुशासन तथा सार्वजनिक सेवा प्रवाह

(ङ) जनशक्ति व्यवस्थापन

(च) न्यायिक कार्य सम्पादन

(छ) सामाजिक न्याय

(ज) भौतिक पूर्वाधार एवं क्षेत्रगत विकास

(झ) सम्पत्ति संरक्षण तथा व्यवस्थापन

(ञ) वातावरण तथा विपद् व्यवस्थापन

## परिच्छेद -३

## अनुगमन तथा प्रतिवेदन प्रणालीको निर्माण र सञ्चालन

४. **स्थानीय तहको अनुगमन तथा प्रतिवेदन प्रणालीः** (१) स्थानीय तहवाट आवधिक रुपमा विवरण प्रविष्टि गर्नका लागि प्रविधिमा आधारित "**स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली (Progress and Monitoring System of Local Levels: ProMS)**" रहनेछ ।

(२) उपदफा (१) वमोजिमको प्रणालीको उपयोग गरी समितिले सम्बन्धित स्थानीय तहको अनुगमन गर्नेछ ।

**५. सूचना प्रविष्टिः** (१) स्थानीय तहले दफा ३ को उपदफा (१) बमोजिमका क्षेत्रहरुको सूचना अनुसूची १ देखि अनुसूची ३० सम्म आवश्यक विवरणहरु देहाय बमोजिम प्रणालीमा प्रविष्टि गर्नु पर्नेछः

(क) स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) लगायत अन्य सूचना प्रणालीबाट आवश्यक सूचना प्राप्त गर्नु पर्नेछ,

(ख) प्रणालीमा प्रविष्टि गरेको विवरणको पुष्टयाई हुने अभिलेख सुरक्षित राखी समिति वा मन्त्रालयले माग गर्दाका बखत उपलब्ध गराउनु पर्नेछ ।

(२) यस दफा बमोजिम स्थानीय तहबाट प्रविष्टि गरिएका सूचना तथा विवरणका आधारमा सम्बन्धित समिति र मन्त्रालयमा प्राप्त हुने प्रतिवेदन दफा ८ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **विवरण प्रविष्टि गर्ने समयावधिः** (१) स्थानीय तहले त्रैमासिक रुपमा प्रविष्टि गर्नु पर्ने विवरण सो अवधि समाप्त भएको मितिले सात दिनभित्र र वार्षिक रुपमा प्रविष्टि गर्नु पर्ने विवरण आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र प्रणालीमा प्रविष्टि गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिलो पटकका लागि प्रणाली सञ्चालनमा आएको मितिले नब्बे दिन सम्ममा सबै स्थानीय तहले सम्पूर्ण विवरण प्रविष्टि गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तोकिएको समयावधिभित्र प्रगति विवरण प्रणालीमा प्रविष्ट गरे/नगरेको सम्बन्धमा समितिले अनुगमन गर्नु पर्नेछ ।

(४) तोकिएको समयमा विवरण प्रविष्टि गर्न बाँकी देखिएका स्थानीय तहमा समितिले समन्वय र सहजीकरण गरी विवरण प्रविष्टि गराउनु पर्नेछ ।

**७. अनुगमन तथा प्रतिवेदन प्रणालीमा रहने विवरणको वर्गीकरणः** (१) मन्त्रालयले यस कार्यविधिको दफा (१०) बमोजिम उपलब्ध गराउने प्रणालीमा देहायका विवरणहरु समावेश हुनेछन्:

(क) एक पटकमात्र प्रविष्ट गर्नुपर्ने आधारभुत तथ्याङ्कहरु,

(ख) त्रैमासिक रुपमा प्रविष्ट गर्नुपर्ने विवरण वा प्रगति,

(ग) वार्षिक रुपमा प्रविष्ट गर्नु पर्ने विवरण वा प्रगति,

(२) उपदफा (१) बमोजिमको विवरण बाहेक अन्य विवरण आवश्यक देखिएमा मन्त्रालयले त्यस्तो विवरण प्रणालीमा समावेश गर्न सक्नेछ ।

**८. सूचना विश्लेषण र प्रगति समिक्षा** (१) यस कार्यविधिको दफा (१०) बमोजिमको प्रणालीमा स्थानीय तहबाट प्रविष्टि गरिएका सूचना तथा विवरण बमोजिम तयार हुने प्रतिवेदनको आधारमा त्रैमासिक र वार्षिक प्रगति समिक्षा गर्नु पर्नेछ ।

(२) समितिले प्रणालीमा प्रविष्टि गरिएका सूचना तथा विवरणहरु प्राप्त (Export) गरी विश्लेषण (डेक्स रिभ्यु) गर्नु पर्नेछ । साथै, प्राप्त सूचनाको विश्लेषण गर्दा समितिले आवश्यकतानुसार स्थलगत अनुगमन (फिल्ड मनिटरिङ्ग) समेत गर्न सक्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम विश्लेषण गरी सम्बन्धित स्थानीय तहलाई अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा पृष्ठपोषण प्रदान गर्नु पर्नेछ । यस्तो पृष्ठपोषण स्थानीय तहका लागि मार्गदर्शन हुनेछ ।

(४) समितिले स्थानीय तहबाट प्रविष्टि गरिएको सूचनाको विश्लेषण तथा पृष्ठपोषण समेतका आधारमा तयार हुने प्रतिवेदन प्रणालीबाट प्राप्त (Export) गरी मन्त्रालय र सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम प्राप्त भएको सूचना, तथ्याङ्क एवं विवरणलाई समितिले त्रैमासिक तथा वार्षिक समीक्षाको आधारको रुपमा समेत प्रयोग गर्नु पर्नेछ ।

(६) प्रदेश सरकारले प्रदेशस्तरीय प्रगति समिक्षा तथा प्रगति प्रतिवेदन तयार गर्दा यस प्रणालीमा प्रविष्ट भएका विवरणलाई आधार मान्न सक्नेछ।

(७) यस कार्यविधि बमोजिम प्रणालीमा प्रविष्ट भएका विवरणका आधारमा प्राप्त प्रतिवेदन उपर मन्त्रालयले स्थानीय तह वा प्रदेशगत रुपमा वार्षिक समीक्षा गर्नेछ ।

(८) उपदफा (७) बमोजिम गरिने समीक्षामा विषयगत मन्त्रालय, सम्बन्धित प्रदेश मन्त्रालय तथा अन्य निकायलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

**९. अनुगमन नतिजाको विश्लेषण तथा पृष्ठपोषण गर्नुपर्नेः** (१) यस कार्यविधि बमोजिम प्राप्त हुने अनुगमन प्रतिवेदनको विश्लेषण गरी मन्त्रालयले स्थानीय तहलाई आवश्यक पृष्ठपोषण प्रदान गर्न सक्नेछ र सो को जानकारी सम्बन्धित समितिलाई समेत दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन एवं विश्लेषण प्रतिवेदन मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग तथा आवश्यकतानुसार नेपाल सरकारका अन्य निकायहरुलाई समेत उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद - ४

## प्रणाली सञ्चालन सम्बन्धी जिम्मेवारी

१०. **प्रणाली उपलब्ध गराउनेः** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम गरिने अनुगमनका लागि सूचना सङ्कलन, प्रविष्टि, विश्लेषण र पृष्ठपोषणको लागि प्रविधिमा आधारित प्रणाली उपलब्ध गराउनेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको प्रणालीमा आवश्यकतानुसार परिमार्जन, थपघट वा संशोधन गर्नसक्नेछ ।

११. **अनुगमन तथा सहजीकरण गर्नसक्नेः** (१) मन्त्रालयले दफा ८ को उपदफा (४) बमोजिम प्राप्त हुने अनुगमन प्रतिवेदनको डेक्स रिभ्युका साथै आवश्यकतानुसार सम्बन्धित स्थानीय तहमा स्थलगत अनुगमन एवम् सहजीकरण समेत गर्नसक्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम अनुगमन तथा सहजीकरण गर्दा सामान्यतया कमजोर कार्यसम्पादन देखिएका स्थानीय तहलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

१२. **जिम्मेवारी तोक्नुपर्नेः** (१) मन्त्रालयले प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि सम्बन्धित शाखालाई जिम्मेवारी तोक्नेछ ।

(२) समिति एवं स्थानीय तहले विवरण प्रविष्टि गर्ने/गराउने कार्यका लागि उपयुक्त कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ ।

१३. **प्राविधिक सहयोग उपलब्ध गराउनेः** (१) मन्त्रालयले प्रणाली सञ्चालन गर्न समिति तथा स्थानीय तहको क्षमता विकासका लागि आवश्यक पर्ने प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

## परिच्छेद ६

## विविध

**१४. कार्यसम्पादन सूचकको रुपमा लिन सकिनेः** यस कार्यविधिको अधिनमा रही गरिएको अनुगमनको नतिजालाई नेपाल सरकारले स्थानीय तहको कार्यसम्पादन सूचकको रुपमा उपयोग गर्न सक्नेछ ।

**१५. बजेट व्यवस्थाः** (१) स्थानीय तहबाट सम्पादन गरिने कार्यका लागि आवश्यक पर्ने बजेट सम्बन्धित स्थानीय तहले व्यवस्था गर्नु पर्नेछ ।

(२) यस कार्यविधिको उद्देश्य अनुरुप प्रणालीलाई प्रभावकारी बनाउन प्रदेश सरकार वा अन्य निकायले समेत आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछन् ।

**१६. अनुगमन नतिजा सार्वजनिक गर्नुपर्नेः** (१) अनुगमनबाट प्राप्त प्रारम्भिक नतिजा तथा पृष्ठपोषण सम्बन्धित समितिले त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम प्राप्त भएको अनुगमन नतिजालाई मन्त्रालयले समेत आवश्यकतानुसार सार्वजनिक गर्ने व्यवस्था मिलाउनेछ ।

**१७. पुरस्कार सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयबाट जारी भएका स्थानीय तहको कार्यसम्पादनसँग सम्बन्धित मुल्याङ्कन/स्वमूल्याङ्कन प्रणाली र यस कार्यविधि बमोजिमको अनुगमन प्रतिवेदनका आधारमा उत्कृष्ठ नतिजा हासिल गर्ने स्थानीय तहलाई मन्त्रालयले पुरस्कृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका र नगरपालिकाहरु मध्येबाट विषय र सन्दर्भ अनुरुप मन्त्रालयले छुट्टाछुट्टै रुपमा पुरस्कृत गर्न सक्नेछ ।

**१८. कार्यविधिको संशोधनः** यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

**१९. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२०. खारेजी र बचाउः** (१) गाउँपालिका तथा नगरपालिकाको अनुगमन कार्यविधि, २०७९ खारेज गरिएको छ ।

(२) गाउँपालिका तथा नगरपालिकाको अनुगमन कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भएगरेको मानिनेछ ।

कार्यविधिको दफा ३ (ङ) सँग सम्बन्धित

अनुसूची-१

दरबन्दी विवरण

| कार्यालय | तह | स्वीकृत दरबन्दी | पदपूर्तिको अवस्था | | | रिक्त |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा | |
| कार्यपालिकाको कार्यालय (विषयगतशाखा समेत) | अधिकृत स्तर | | | | | |
| | सहायक स्तर | | | | | |
| वडा कार्यालय | अधिकृत स्तर | | | | | |
| | सहायक स्तर | | | | | |
| सेवा केन्द्र (सबै प्रकारका) | अधिकृत स्तर | | | | | |
| | सहायक स्तर | | | | | |

**कार्यपालिकाको कार्यालय, वडा कार्यालय एवं सेवा केन्द्र समेतको कर्मचारीको विवरण**

| विषयगत क्षेत्र | तह | स्वीकृत दरबन्दी | पदपूर्ति भएको | | | रिक्त |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा | |
| प्रशासन | अधिकृत स्तर | | | | | |
| | सहायक स्तर | | | | | |
| लेखा | अधिकृत स्तर | | | | | |
| | सहायक स्तर | | | | | |
| ....... | अधिकृत स्तर | | | | | |
| | सहायक स्तर | | | | | |

कार्यविधिको दफा ३ (झ) सँग सम्बन्धित

अनुसूची-२

भवनको विवरण

| सि. नं. | कार्यालय | कार्यालयको आफ्नै भवन | | भाडामा रहेका संख्या | | अन्य सरकारी भवनको प्रयोग गरिएको (संख्या) | | निर्माणाधिन (संख्या) | कुल संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की भवन संरचना | कच्ची भवन सरचना | पक्की भवन संरचना | कच्ची भवन सरचना | पक्की भवन संरचना | कच्ची भवन सरचना | पक्की भवन संरचना | पक्की भवन संरचना | कच्ची भवन सरचना | |
| १ | प्रशासकीय भवन | | | | | | | | | | |
| २ | विषयगत शाखा वा एकाई भवन | | | | | | | | | | |
| ३ | सेवा केन्द्र | | | | | | | | | | |
| ४ | अन्य | | | | | | | | | | |
| ५ | कार्यालय भवन वडा नं १ | | | | | | | | | | |
| ६ | कार्यालय भवन वडा नं २ | | | | | | | | | | |
| ७ | कार्यालय भवन वडा नं - - | | | | | | | | | | |

कार्यविधिको दफा ३ (ज) सँग सम्बन्धित

अनुसूची ३

पूर्वाधारको पहुँच

| क्र.सं. | कार्यालय | कालो पत्रे। ढलान सडकको पहुँच | ग्रावेल सडकको पहुँच | माटे सडकको पहुँच | राष्ट्रिय विद्युत प्रसारण लाइन | स्थानीय विद्युत प्रसारण लाइन | इन्टरनेट सेवा | सरकारी कारोबार गर्ने बैंक/अन्य वित्तीय संस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ |
| २ | विषयगत शाखा वा एकाइ भवन सम्म | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ |
| ३ | सेवा केन्द्र | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ |
| ४ | अन्य | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ |
| ५ | वडा नं १ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ |
| ६ | वडा नं २ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ |
| ७ | वडा नं - - | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ | छ ☐<br>छैन☐ |

कार्यविधिको दफा ३ (झ) सँग सम्बन्धित

अनुसूची ४

## सवारी साधनको विवरण

| क.सं. | सवारी साधन | चालु अवस्था संख्या | मर्मत गर्नुपर्ने संख्या | लिलाम गर्नुपर्ने संख्या | भाडामा लिएको संख्या | कुल संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | दुई पाङ्ग्रे | | | | | | |
| २ | चारपाङ्ग्रे | | | | | | |
| ३ | दमकल | | | | | | |
| ४ | एम्बुलेन्स | | | | | | |
| ५ | शववाहन | | | | | | |
| ६ | ट्र्याक्टर | | | | | | |
| ७ | टि्पर | | | | | | |
| ८ | एक्साभेटर | | | | | | |
| ९ | ब्याक हो लोडर | | | | | | |
| १० | अन्य | | | | | | |

कार्यविधिको दफा ३ (क) सँग सम्बन्धित

अनुसूची ५

## स्थानीय तहको नीति, योजना, कानून तथा संयन्त्र सम्बन्धी विवरण

| क.सं. | विषयगत क्षेत्र | सूचक | भएको/नभएको |
|---|---|---|---|
| १ | आवधिक/रणनीतिक योजना/क्षेत्रगत नीति | भू-उपयोग योजना | भएको □ नभएको□ |
| २ | | भवन निर्माण मापदण्ड | भएको □ नभएको□ |
| ३ | | स्थानीय सडक मापदण्ड | भएको □ नभएको□ |
| ४ | | आवधिक बिकास योजना र एकीकृत शहरी विकास योजना | भएको □ नभएको□ |
| ५ | | क्षेत्रगत रणनैतिक योजना- पर्यटन नीति | भएको □ नभएको□ |
| ६ | | क्षेत्रगत रणनैतिक योजना — कृषि नीति | भएको □ नभएको□ |
| ७ | | गाउँ/नगर वस्तुस्थिति विवरण | भएको □ नभएको□ |
| ८ | | मध्यमकालीन खर्च संरचना तर्जुमा | भएको □ नभएको□ |
| ९ | | ... ... ... .... (स्थानीय तहबाट निर्माण भएका सबै आवधिक तथा रणनीतिक योजना उल्लेख गर्ने) | भएको □ नभएको□ |
| १० | स्थानीय ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु र मापदण्ड तर्जुमा | प्रशासनिक कार्यविधि नियमित गर्ने सम्बन्धमा वनेको ऐन | भएको □ नभएको□ |
| ११ | | गाउँ/नगर कार्यपालिकाको कार्यविभाजन नियमावली | भएको □ नभएको□ |
| १२ | | गाउँ/नगर कार्यपालिकाको कार्यसम्पादन नियमावली | भएको □ नभएको□ |
| १३ | | स्थानीय तहबाट निर्माण भएका सबै कानून उल्लेख गर्ने | भएको □ नभएको□ |
| १४ | संस्थागत संयन्त्रहरु | गाउँ/नगर सभा अन्तर्गतका लेखा समिति र सुशासन समितिहरुको गठन | भएको □ नभएको□ |
| १५ | | गाउँ/नगर सभा अन्तर्गत विधायन समितिको गठन | भएको □ नभएको□ |
| १६ | | रोजगार सुचना केन्द्रको स्थापना | भएको □ नभएको□ |
| १७ | | न्यायिक समितिको गठन | भएको □ नभएको□ |
| १८ | कर्मचारी व्यवस्थापन नीति | कर्मचारी समायोजनपछि संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रतिवेदन स्वीकृत | भएको □ नभएको□ |
| १९ | | मानव संशासन विकास योजना स्वीकृति | भएको □ नभएको□ |
| २० | पारदर्शिता र जवाफदेहिता | सार्वजनिक बडापत्र राखेको | भएको □ नभएको□ |
| २१ | | वेवसाईट सञ्चालन गरेको | भएको □ नभएको□ |
| २२ | | गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई सार्वजनिक परीक्षण र सामाजिक परीक्षणको लागि कानूनी व्यवस्था | भएको □ नभएको□ |
| २३ | | सुचना अधिकारी तोकेको | भएको □ नभएको□ |

| | | | |
|---|---|---|---|
| २४ | | प्राप्त भएका गुनासो सुनुवाईको सम्बोधन गर्ने संयन्त्रको स्थापना | भएको □ नभएको□ |
| २५ | | पदाधिकारी तथा कर्मचारीको आचारसंहिता बनाएको | भएको □ नभएको□ |
| २६ | | प्रचलित कानून बमोजिम स्थापना गर्नुपर्ने विभाज्य कोषको स्थापना | भएको □ नभएको□ |
| २७ | कोष र लेखा नियन्त्रण | आन्तरिक लेखा परीक्षण सम्बन्धी कानूनी व्यवस्था | भएको □ नभएको□ |
| २८ | | सार्वजनिक खरिद ऐन वमोजिम स्थानीय खरिद नियमावलीको तर्जुमा | भएको □ नभएको□ |
| २९ | | आलेप शाखा गठन गरेको | भएको □ नभएको□ |
| ३० | | स्थानीय विपद् व्यवस्थापन कोष | भएको □ नभएको□ |
| ३१ | | आन्तरिक नियन्त्रण सम्बन्धी कार्यविधि तर्जुमा | भएको □ नभएको□ |
| ३२ | | वित्तीय अनुशासन कायम गर्ने सम्बन्धी कानून तर्जुमा | भएको □ नभएको□ |
| ३३ | | अनुगमन समिति गठन | भएको □ नभएको□ |
| ३४ | अनुगमन तथा मुल्यांकन | अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यविधि तर्जुमा | भएको □ नभएको□ |
| ३५ | | अनुगमनमा तेस्रो पक्षको सहभागिता गराउने व्यवस्था | भएको □ नभएको□ |
| ३६ | | अनुगमनबाट देखिएका कमजोरी सुधार गर्ने संयन्त्रको व्यवस्था | भएको □ नभएको□ |
| ३७ | | दमकल सेवा | भएको □ नभएको□ |
| ३८ | अत्यावश्यक सेवा | सर्पदंश उपचार केन्द्र | भएको □ नभएको□ |
| ३९ | | एम्बुलेन्स सेवा | भएको □ नभएको□ |
| ४० | | आपतकालीन आश्रय केन्द्र | भएको □ नभएको□ |
| ४१ | | प्रमुख प्रशासकीय भवन | भएको □ नभएको□ |
| ४२ | दीर्घकालीन प्रकृतिका पूर्वाधार वा भवन | भौतिक निर्माण सामग्री गुणस्तर प्रयोगशाला | भएको □ नभएको□ |
| ४३ | | वडा कार्यालय भवन | भएको □ नभएको□ |
| ४४ | | अल्पकालीन आश्रयस्थल निर्माण | भएको □ नभएको□ |
| ४५ | | अस्पताल भवन (अस्पताल भएकोमा) | भएको □ नभएको□ |
| ४६ | | प्राथमिक स्वास्थ्य केन्द्र भवन (प्राथमिक स्वास्थ्य केन्द्र भएकोमा) | भएको □ नभएको□ |
| ४७ | सामाजिक विकास सम्बन्धी अभियानमूलक कार्यक्रमको अवस्था | वालमैत्री स्थानीय तह घोषणा | भएको □ नभएको□ |
| ४८ | | वातावरण मैत्री स्थानीय तह घोषणा | भएको □ नभएको□ |
| ४९ | | पूर्ण सरसफाई युक्त स्थानीय तह घोषणा | भएको □ नभएको□ |
| ५० | | बालश्रम मुक्त स्थानीय तह घोषणा | भएको □ नभएको□ |
| ५१ | | सडक मानब बेचबिखन मुक्त स्थानीय तह घोषणा | भएको □ नभएको□ |

| | | | |
|---|---|---|---|
| ५२ | | छुवाछुत मुक्त स्थानीय तह घोषणा | भएको ☐ नभएको☐ |
| ५३ | | मदिरा बेचबिखनको लागि निश्चित क्षेत्र मात्र भएको | भएको ☐ नभएको☐ |
| ५४ | | वाल विवाह रहित स्थानीय तह घोषणा | भएको ☐ नभएको☐ |
| ५५ | | पोषण मैत्री स्थानीय तह घोषणा | भएको ☐ नभएको☐ |
| ५६ | | पूर्ण खोपयुक्त स्थानीय तह घोषणा | भएको ☐ नभएको☐ |

कार्यविधिको दफा ३ (ग) सँग सम्बन्धित

अनुसूची ६

## सामाजिक विकास सम्बन्धी अभियानमूलक कार्यक्रमको अवस्था

| क्र.सं. | वडा | बालमैत्री वडा घोषणा | सडक मानब बेचबिखन मुक्त वडा घोषणा | सार्वजनिक स्थान धुपमान निषेधित वडा | वातावरणमैत्री वडा घोषणा | पूर्ण सरसफाई युक्त वडा घोषणा | बालश्रम मुक्त वडा घोषणा | बालश्रममुक्त वडा घोषणा | पोषणमैत्री वडा घोषणा | वालविवाह रहित वडा घोषणा | पूर्ण खोपयुक्त वडा घोषणा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं १ | छ ☐<br>छैन ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ |
| २ | वडा नं २ | छ ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ |
| ३ | वडा नं ३ | छैन ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ |
| ४ | वडा नं – | छ ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ | छैन ☐ |
| ५ | वडा नं – | छैन ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ | छ ☐ |

कार्यविधिको दफा ३ (ज) सँग सम्बन्धित

अनुसूची ७

## हालसम्मको क्षेत्रगत भौतिक प्रगतिको अवस्था

| क्र.सं. | विषय क्षेत्र | उपक्षेत्र | ईकाइ | हाल सम्मको प्रगति |
|---|---|---|---|---|
| १ | सडक | कालोपत्रे/ढलान | कि.मी. | |
| | | ग्रावेल | कि.मी. | |
| | | माटे | कि.मी. | |
| २ | पुल | मोटरेवल पुल | वटा | |
| | | झोलुङ्गे पुल | वटा | |
| | | आकाशे पुल | वटा | |
| ३ | खानेपानी तथा सरसफाई | खानेपानी सेवाबाट लाभान्वित घरपरिवार | संख्या | |
| | | घरयासी पक्की शौचालय भएमा घरपरिवार | संख्या | |
| | | सार्वजनिक शौचालय | संख्या | |
| | | ढल निर्माण | कि.मी. | |
| ४ | सिँचाई | पैनी कुलो निर्माण | कि.मी. | |
| | | सिंचाई सुविधा पुगेको जमिनको क्षेत्रफल | हेक्टर | |
| | | पोखरी ताल र सिमसार निर्माण | वटा | |
| | | ट्युबेल जडान | वटा | |
| | | साना तथा थोपा सिंचाई योजना | वटा | |
| ५ | वैकल्पिक ऊर्जा | घरेलु सौर्य विद्युत जडान | घरधुरी | |
| | | बायो ग्यास निर्माण | वटा | |
| | | व्यवसायिक सौर्य उर्जा | वाट | |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थागत बायोग्यास | वटा | |
| | | ग्यासीफायर | वटा | |
| | | स्वच्छ उर्जा मार्फत खाना पकाउने (दाउरा, गुइठा वाहेक) | घरधुरी | |
| ६ | जलबिद्युत | प्रशारण लाइन | कि.मी. | |
| | | बिद्युत् उत्पादन | किलोवाट | |
| | | विद्युतमा पहुँच भएका | घरधुरी | |
| ७ | फोहोरमैला व्यवस्थापन | डम्पिङ्ग साइट | संख्या | |
| | | स्यानीटरी ल्याण्डफिल्ड साइट | संख्या | |
| | | कान्जी हाउस | संख्या | |
| ८ | सार्वजनिक पुर्वाधार एवं भवन | विद्यालय भवन | संख्या | |
| | | एम्बुलेन्स सेवा | वटा | |
| | | बर्थिङ सेन्टर | वटा | |
| | | स्वास्थ्य चौकी र स्वास्थ्य एकाइ | वटा | |
| | | निर्माण सामग्री गुणस्तर प्रयोगशाला | वटा | |
| | | आफ्नै स्वामित्वको सभागृह | वटा | |
| | | पशु बधशाला | वटा | |
| | | बसपार्क टर्मिनल | वटा | |
| | | शिशु स्याहार केन्द्र | वटा | |
| | | आपतकालिन आश्रय स्थल | वटा | |
| | | सामुदायिक भवन | वटा | |
| | | पार्क निर्माण | वटा | |
| | | ज्येष्ठ नागरिक गृह र त्यसमा बस्नेहरुको संख्या | वटा | |
| ९ | जग्गा संरक्षण | आफ्नै स्वामित्वमा रहेको | रोपनी | |

| | | | | |
|---|---|---|---|---|
| | | सरकारी | रोपनी | |
| | | सार्वजनिक | रोपनी | |
| | | पर्ति | रोपनी | |
| १० | सार्वजनिक स्थल | व्यापारिक प्रदर्शनी स्थल | वटा | |
| | | आफ्नै व्यवस्थापनको सवारी साधन पार्किङ | वटा | |
| | | कृषि बजार र हाट स्थल | वटा | |
| | | खेलकुद मैदान | वटा | |
| | | कभर्ड हल | वटा | |
| | | मनोरञ्जन पार्क | वटा | |
| | | शिशु क्रिडास्थल वा चिल्ड्रेन पार्क | वटा | |
| | | विपद्को समयमा उपयोग गर्न तोकिएको खुला स्थल (संख्या र क्षेत्रफल) | हेक्टर | |
| ११ | पर्यटन पूर्वाधार | जल पर्यटन अनुमति | वटा | |
| | | डुंगा सञ्चालन अनुमति दिएको ताल वा पोखरी | वटा | |
| | | होमस्टे र कुल पर्यटक क्षमता (प्रति दिन) | वटा | |
| | | ट्रेकिंग रुट | कि मि | |
| | | पर्यापर्यटन स्थान | वटा | |
| | | जिर्णोद्धार गरिएका धार्मिक, स्मारक र पुरातत्व स्थल | वटा | |
| | | साहसिक खेल पर्यटन | वटा | |
| | | भ्यु टावर | वटा | |
| १२ | स्थानीय उद्योग तथा फार्म | गापा/नपामा दर्ता भएका कृषि फार्म | संख्या | |
| | | गापा/नपामा दर्ता भएका पशुपालन फार्म | संख्या | |
| | | गापा/नपामा दर्ता भएका मत्स्यपालन फार्म | संख्या | |

| | | | | |
|---|---|---|---|---|
| | | गा.पा./न.पा. मा दर्ता भएका घरेलु तथा साना उद्योग | संख्या | |
| | | गापा/नपाबाट अनुदान प्राप्त गर्ने कृषि फार्म | संख्या | |
| | | गापा/नपाबाट अनुदान प्राप्त गर्ने पशुपालन फार्म | संख्या | |
| | | गापा/नपाबाट अनुदान प्राप्त गर्ने मत्स्यपालन फार्म | संख्या | |
| | | गापा/नपाबाट अनुदान प्राप्त गर्ने घरेलु तथा साना उद्योग | संख्या | |
| १३ | वृक्षरोपण | वृक्षरोपण | संख्या | |
| १४ | नदी नियन्त्रण | नदी नियन्त्रण | कि.मी. | |

कार्यविधिको दफा ३(ज) सँग सम्बन्धित

अनुसूची ८

## क्षेत्रगत भैतिक प्रगतिको अवस्था

| क्र.सं. | विषय क्षेत्र | उपक्षेत्र | ईकाइ | वार्षिक लक्ष्य | त्रैमासिक प्रगती - प्रथम | त्रैमासिक प्रगती - दोस्रो | त्रैमासिक प्रगती - तेस्रो | त्रैमासिक प्रगती - चौथो | कुल वार्षिक प्रगति | कुल वार्षिक प्रगति (%) | अपेक्षित प्रगति हुन नसक्नुका कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सडक | कालोपत्रे/ढलान | कि.मी. | | | | | | | | |
| | | ग्रावेल | कि.मी. | | | | | | | | |
| | | माटे | कि.मी. | | | | | | | | |
| २ | पुल | मोटरेवल पुल | वटा | | | | | | | | |
| | | झोलुङ्गे पुल | वटा | | | | | | | | |
| | | आकाशे पुल | वटा | | | | | | | | |
| ३ | खानेपानी तथा सरसफाई | खानेपानी सेवाबाट लाभान्वित घरपरिवार | संख्या | | | | | | | | |
| | | घरयासी पक्की शौचालय भएमा घरपरिवार | संख्या | | | | | | | | |
| | | सार्वजनिक शौचालय | संख्या | | | | | | | | |
| | | ढल निर्माण | कि.मी. | | | | | | | | |
| ४ | सिँचाई | पैनी कुलो निर्माण | कि.मी. | | | | | | | | |
| | | सिंचाई सुविधा पुगेको जमिनको क्षेत्रफल | हेक्टर | | | | | | | | |
| | | पोखरी ताल र सिमसार निर्माण | वटा | | | | | | | | |
| | | ट्युबेल जडान | वटा | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साना तथा थोपा सिंचाई योजना | वटा | | | | | | | | |
| ५ | वैकल्पिक ऊर्जा | घरेलु सौर्य विद्युत जडान | घरधुरी | | | | | | | | |
| | | बायो ग्यास निर्माण | वटा | | | | | | | | |
| | | व्यवसायिक सौर्य उर्जा | वाट | | | | | | | | |
| | | संस्थागत बायोग्यास | वटा | | | | | | | | |
| | | ग्यासीफायर | वटा | | | | | | | | |
| | | स्वच्छ उर्जा मार्फत खाना पकाउने (दाउरा, गुइठा वाहेक) | घरधुरी | | | | | | | | |
| ६ | जलबिद्युत | प्रशारण लाइन | कि.मी. | | | | | | | | |
| | | बिद्युत् उत्पादन | किलोवाट | | | | | | | | |
| | | विद्युतमा पहुँच भएका | घरधुरी | | | | | | | | |
| ७ | फोहोरमैला व्यवस्थापन | डम्पिङ्ग साइट | संख्या | | | | | | | | |
| | | स्यानीटरी ल्याण्डफिल्ड साइट | संख्या | | | | | | | | |
| | | काञ्ची हाउस | संख्या | | | | | | | | |
| ८ | सार्वजनिक पुर्वाधार एवं भवन | विद्यालय भवन | संख्या | | | | | | | | |
| | | एम्बुलेन्स सेवा | वटा | | | | | | | | |
| | | बर्थिङ सेन्टर | वटा | | | | | | | | |
| | | स्वास्थ्य चौकी र स्वास्थ्य एकाइ | वटा | | | | | | | | |
| | | निर्माण सामग्री गुणस्तर प्रयोगशाला | वटा | | | | | | | | |
| | | आफ्नै स्वामित्वको सभागृह | वटा | | | | | | | | |
| | | पशु बधशाला | वटा | | | | | | | | |
| | | बसपार्क टर्मिनल | वटा | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शिशु स्याहार केन्द्र | वटा | | | | | | | | |
| | | आपतकालिन आश्रय स्थल | वटा | | | | | | | | |
| | | सामुदायिक भवन | वटा | | | | | | | | |
| | | पार्क निर्माण | वटा | | | | | | | | |
| | | ज्येष्ठ नागरिक गृह र त्यसमा बस्नेहरुको संख्या | वटा | | | | | | | | |
| ९ | जग्गा संरक्षण | आफ्नै स्वामित्वमा रहेको | रोपनी | | | | | | | | |
| | | सरकारी | रोपनी | | | | | | | | |
| | | सार्वजनिक | रोपनी | | | | | | | | |
| | | पर्ति | रोपनी | | | | | | | | |
| १० | सार्वजनिक स्थल | व्यापारिक प्रदर्शनी स्थल | वटा | | | | | | | | |
| | | आफ्नै ब्यवस्थापनको सवारी साधन पार्किङ | वटा | | | | | | | | |
| | | कृषि बजार र हाट स्थल | वटा | | | | | | | | |
| | | खेलकुद मैदान | वटा | | | | | | | | |
| | | कभर्ड हल | वटा | | | | | | | | |
| | | मनोरञ्जन पार्क | वटा | | | | | | | | |
| | | शिशु क्रिडास्थल वा चिल्ड्रेन पार्क | वटा | | | | | | | | |
| | | विपद्को समयमा उपयोग गर्न तोकिएको खुला स्थल (संख्या र क्षेत्रफल) | हेक्टर | | | | | | | | |
| ११ | पर्यटन पूर्वाधार | जल पर्यटन अनुमति | वटा | | | | | | | | |
| | | डुङ्गा सञ्चालन अनुमति दिएको ताल वा पोखरी | वटा | | | | | | | | |
| | | होमस्टे र कुल पर्यटक क्षमता (प्रति दिन) | वटा | | | | | | | | |
| | | ट्रेकिंग रुट | कि मि | | | | | | | | |
| | | पर्यापर्यटन स्थान | वटा | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिर्णोद्धार गरिएका धार्मिक, स्मारक र पुरातत्व स्थल | वटा | | | | | | | | | |
| | | साहसिक खेल पर्यटन | वटा | | | | | | | | | |
| | | भ्यूटावर | वटा | | | | | | | | | |
| १२ | स्थानीय उद्योग तथा फार्म | गापा/नपा मा दर्ता भएका कृषि फार्म | संख्या | | | | | | | | | |
| | | गापा/नपा मा दर्ता भएका पशुपालन फार्म | संख्या | | | | | | | | | |
| | | गापा/नपा मा दर्ता भएका मत्स्यपालन फार्म | संख्या | | | | | | | | | |
| | | गापा/नपा मा दर्ता भएका घरेलु तथा साना उद्योग | संख्या | | | | | | | | | |
| | | गापा/नपा बाट अनुदान प्राप्त गर्ने कृषि फार्म | संख्या | | | | | | | | | |
| | | गापा/नपा बाट अनुदान प्राप्त गर्ने पशुपालन फार्म | संख्या | | | | | | | | | |
| | | गापा/नपा बाट अनुदान प्राप्त गर्ने मत्स्यपालन फार्म | संख्या | | | | | | | | | |
| | | गापा/नपा बाट अनुदान प्राप्त गर्ने घरेलु तथा साना उद्योग | संख्या | | | | | | | | | |
| | | ……… | | | | | | | | | | |
| १३ | वृक्षरोपण | वृक्षरोपण | संख्या | | | | | | | | | |
| १४ | नदी नियन्त्रण | नदी नियन्त्रण | कि.मी. | | | | | | | | | |

कार्यविधिको दफा ३ (ग) सँग सम्बन्धित

अनुसूची ९

## लैंगिक उत्तरदायी बजेट अवस्था

| लैंगिक उत्तरदायी बजेटको अवस्था | आयोजना संख्या | आयोजनको कुल लागत (सबै आयोजनाको लागत जोडेर राखे) | कैफियत |
|---|---|---|---|
| प्रत्यक्ष | | | |
| अप्रत्यक्ष | | | |
| तटस्थ | | | |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची १०

## वार्षिक बजेट तथा कार्यक्रम सभामा पेश तथा स्वीकृति

| | |
|---|---|
| **चालु आ. व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम सभामा पेश र स्वीकृति सम्बन्धि विवरण** | |
| बजेट तथा कार्यक्रम सभामा पेश भएको मिति | बजेट तथा कार्यक्रम सभावाट स्वीकृत भएको मिति |
| | |
| बजेट तथा कार्यक्रम प्रमाणिकरण भएको मिति | बजेट तथा कार्यक्रम स्थानीय राजपत्रमा प्रकाशन भएको मिति |
| | |
| **चालु आ. व. २०८० /०८१ मा भएका सभाका अधिवेशन सम्बन्धी विवरण** | |
| सभाको हिउँदे अधिवेशन भएको मिति | |
| विशेष अधिवेशन भएको भए सोको मिति | |
| **आगामी आ. व. २०८१।०८२ को बजेट तथा कार्यक्रम स्वीकृत गर्न सम्पन्न भएको सभाको विवरण** | |
| बजेट तथा कार्यक्रम सभामा पेश भएको मिति | बजेट तथा कार्यक्रम सभावाट स्वीकृत भएको मिति |
| | |
| बजेट तथा कार्यक्रम प्रमाणिकरण भएको मिति | बजेट तथा कार्यक्रम स्थानीय राजपत्रमा प्रकाशन भएको मिति |
| | |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची ११

## हालसम्म राजपत्रमा प्रकाशित कानूनको विवरण

| क. सं. | कानून/नियमको प्रकार | नाम | वेब लिङ्क | प्रमाणिकरण मिति | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | छाप्ने | | | | | |
| २ | छाप्ने | | | | | |
| ३ | छाप्ने | | | | | |

कार्यविधिको दफा ३ (ख) सँग सम्बन्धित

अनुसूची १२

वित्तीय हस्तान्तरण तथा खर्चको अवस्था

| क्र.सं. | स्रोतको किसिम | नेपाल सरकार रकम रु. हजारमा (क) | प्रदेश सरकार रकम रु हजारमा (ख) | जम्मा रकम रु हजारमा. (क+ख=ग) | खर्च रकम रु. हजारमा (घ) | खर्च प्रतिशत (ग को घ प्रतिशत | बाँकी रकम रु (ग-घ = ङ) |
|---|---|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | | | | | | |
| २ | सशर्त अनुदान | | | | | | |
| ३ | समपुरक अनुदान | | | | | | |
| ४ | विशेष अनुदान | | | | | | |
| ५ | राजश्व बाँटफाट | | | | | | |
| ६ | प्राकृतिक श्रोतको रोयल्टी | | | | | | |
| ७ | अन्य | | | | | | |

कार्यविधिको दफा ३ (ख) सँग सम्बन्धित

अनुसूची १३

## आन्तरिक आयको अवस्था

| क्र.सं. | श्रेणी | प्रमुख श्रोत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कर | सम्पत्ती कर | | |
| २ | | भूमि कर (मालपोत) | | |
| ३ | | व्यवसाय कर | | |
| ४ | | जडिबुटी, कवाडी र जीवजन्तु कर | | |
| ५ | | घरवहाल कर | | |
| ६ | | विज्ञापन कर | | |
| ७ | | घर-जग्गा रजिष्ट्रेसन शुल्क | | |
| ८ | | मनोरञ्जन कर | | |
| ९ | | सवारी साधन कर | | |
| १० | गैर कर | सेवा शुल्क (सवै किसिमका) | | |
| ११ | | बिक्री (गिटी, ढुङ्गा, वालुवा तथा अन्य सम्पत्ति विक्री) | | |
| १२ | | दस्तुर (सिफारिश, प्रमाणित, नक्सा पास आदि) | | |
| १३ | | सम्पति भाडा | | |
| १४ | | पर्यटन शुल्क | | |
| १५ | | दण्ड जरिवाना | | |
| १६ | | बहाल विटौरी शुल्क | | |
| १७ | | पार्किङ शुल्क | | |
| १८ | | अन्य | | |

कार्यविधिको दफा ३ (ख) सँग सम्बन्धित

अनुसूची १४

## प्रदेश तथा स्थानीय तहको राजश्व बाँडफाँडको अवस्था

| क. सं. | प्रमुख स्रोत | प्राप्त भएको | प्रदेशमा पठाएको |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची १५

## सभा र कार्यपालिका बैठक सम्बन्धी विवरण

| |
|---|
| गाउँ/नगरसभाको अधिवेशसन संख्याः |
| |
| गाउँ/नगर कार्यपालिकाको बैठक संख्याः |
| |
| गाउँ/नगर सभा बैठकको मिति, समय, स्थान र कार्यसूची सम्बन्धि जानकारी |
| निर्धारित समयमै सदस्यहरुलाई उपलब्ध गराएको ☐ नगराएको ☐ |
| कार्यपालिका बैठकको मिति, समय,स्थान र कार्यसूची सम्बन्धि जानकारी |
| निर्धारित समयमै सदस्यलाइ उपलब्ध गराएको ☐ नगराएको ☐ |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची १६

## समितिहरुको बैठक विवरण

| क्र.सं. | समितिको प्रकृति | समितिको नाम | बैठक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | | लेखा समिति | | |
| २ | सभा | विधायन समिति | | |
| ३ | | सुशासन समिति | | |
| ४ | | सामाजिक समावेशीकरण समिति | | |
| ५ | | सामाजिक विकास समिति | | |
| ६ | कार्यपालिका | पूर्वाधार विकास समिति | | |
| ७ | | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | | |
| ८ | | संस्थागत सुशासन तथा सेवा प्रवाह समिति | | |
| ९ | | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | | |
| १० | | बजेट तथा कार्यक्रम समिति | | |
| ११ | ऐन | स्थानीय राजस्व परामर्श समिति | | |
| १२ | | अनुगमन तथा सुपरिवेक्षण समिति | | |
| १३ | | वडा-स्तरीय अनुगमन समिति | | |
| १४ | अन्य | अन्य समितिहरु | | |

कार्यविधिको दफा ३ (च) सँग सम्बन्धित

अनुसूची १७

न्यायिक समिति सम्बन्धी विवरण

| क. सं. | विवरण | संख्या |
|---|---|---|
| १. | बैठक संख्या | |
| २. | दर्ता भएका उजुरी/गुनासो संख्या | |
| ३. | उजुरी/गुनासो कारवाही र फछ्यौट भएका संख्या | |
| ४. | उजुरी/गुनासो कारवाही र फछ्यौट भएका संख्या मध्ये पुनरावेदनमा गएका संख्या | |

कार्यविधिको दफा ३ (छ) सँग सम्बन्धित

अनुसूची १८

गत आ. व. को सामाजिक सूरक्षा अनुदान सम्बन्धी विवरण

| क्र.सं. | विवरण | पुरुष | महिला | कुल लाभग्राही सङ्ख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | | | | | |
| २ | आर्थिक रुपले विपन्न | | | | | |
| ३ | अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति | | | | | |
| ४ | असहाय एकल महिला | | | | | |
| ५ | अपाङ्गता भएका | | | | | |
| ६ | बालबालिका | | | | | |
| ७ | आफ्नो हेरचाह आफै गर्न नसक्ने | | | | | |
| ८ | लोपोन्मुख जाति | | | | | |
| ९ | प्रदेशबाट सशर्त सामाजिक सूरक्षासँग सम्बन्धित कुनै कार्यक्रममा सशर्त अनुदान प्राप्त भएको भए उल्लेख गर्ने | | | | | |
| १० | स्थानीय तहको सामाजिक सूरक्षासँग सम्बन्धित कुनै कार्यक्रम भए उल्लेख गर्ने | | | | | |

कार्यविधिको दफा ३ (ख) सँग सम्बन्धित

अनुसूची १९

पेश्की तथा पेश्की फछ्र्यौंट विवरण

| क.सं. | पेश्की विवरण | अघिल्लो आर्थिक बर्ष सम्मको बाँकी पेश्की | चालु आर्थिक बर्षको पेश्की | चालु आर्थिक बर्षमा फछ्र्यौंट | चालु आर्थिक बर्ष सम्मको पेश्की बाँकी |
|---|---|---|---|---|---|
| १ | सामाजिक सूरक्षा पेश्की रकम | | | | |
| २ | पदाधिकारीको नाममा रहेको पेश्की रकम | | | | |
| ३ | कर्मचारीको नाममा रहेको पेश्की रकम | | | | |
| ४ | आयोजनाको मोविलाइजेसन पेश्की | | | | |
| ५ | अन्य | | | | |

कार्यविधिको दफा ३ (ख) सँग सम्बन्धित

अनुसूची २०

बेरुजुको विवरण

| क्र.सं. | विवरण | नियमित गर्ने | | पेश्की | | असुल उपरगर्नुपर्ने | | जम्मा रकम बेरुजु (क) | जम्मा रकम फछ्यौंट (ख) | जम्मा रकम फछ्यौंट हुन बाँकी (ग=क-ख) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बेरुजु | फछ्यौंट | बेरुजु | फछ्यौंट | बेरुजु | फछ्यौंट | | | |
| १ | संघीय सरकारबाट प्राप्त अनुदान तर्फ | | | | | | | | | |
| २ | प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ | | | | | | | | | |
| ३ | आन्तरिक श्रोततर्फ (राजश्व बाँटफाट र रोयल्टी समेत) | | | | | | | | | |

| विवरण | अवस्था | अवस्था |
|---|---|---|
| गत आर्थिक वर्षमा आन्तरीक लेखापरीक्षण | गरेको | नगरेको |
| गत आर्थिक वर्षमा अन्तिम लेखापरीक्षण | गरेको | नगरेको |
| गत विगतको कुनै आर्थिक वर्षको अन्तिम लेखापरीक्षण हुन बाँकी | रहेको | नरहेको |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची २१

उजुरी तथा गुनासो सम्बन्धी विवरण

| क.सं. | निकाय | उजुरी सङ्ख्या | फछ्यौंट भएको सङ्ख्या | फछ्यौंट हुन बाँकी सङ्ख्या |
|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | | | |
| २ | राष्ट्रिय सतर्कता केन्द्र | | | |
| ३ | उजुरी पेटिका | | | |
| ४ | कार्यालयमा निवेदन दर्ता | | | |
| ५ | अनलाइन उजुरी | | | |
| ६ | हेल्लो सरकार | | | |
| ७ | अन्य | | | |

कार्यविधिको दफा ३ (ज) सँग सम्बन्धित

अनुसूची २२

क्षेत्रगत बजेट बाँडफाँड

| क्र.सं. | विषयगत क्षेत्र | नेपाल सरकारबाट प्राप्त | | प्रदेश सरकारबाट प्राप्त | | आन्तरीक आय तर्फ | | कुल बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजित बजेट | खर्च | विनियोजित बजेट | खर्च | विनियोजित बजेट | खर्च | | | |
| १ | भौतिक पूर्वाधार विकास | | | | | | | | | |
| २ | सामाजिक विकास | | | | | | | | | |
| ३ | आर्थिक विकास | | | | | | | | | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | |
| ५ | सुशासन तथा संस्थागत विकास | | | | | | | | | |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची २३

नागरिक बडापत्र प्रयोग अवस्था

| क. सं. | निकाय | बडापत्रको उपलब्धता | | बडापत्र अद्यावधिक | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १ | गाउँ/नगर कार्यपालिकाको कार्ययालयमा बडापत्रको प्रयोगको अवस्था | | | | |
| २ | अन्य सेवा केन्द्रमा बडापत्रको प्रयोगको अवस्था | | | | |
| ३ | वडा कार्यालयमा बडापत्रको प्रयोगको अवस्था | | | | |
| ४ | स्वास्थ्य चौकीहरुमा बडापत्रको प्रयोगको अवस्था | | | | |
| | वडा नं. २ | | | | |
| | वडा नं. .. | | | | |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची २४

सामाजिक परीक्षण सम्बन्धी विवरण

| क. सं. | विषय क्षेत्र | सामाजिक परीक्षण गरेको मिति |
|---|---|---|
| १ | नाम उल्लेख गर्ने | मिति |
| २ | ...... | ....... |
| ३ | ...... | ....... |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची २५

सार्वजनिक परीक्षण सम्बन्धी विवरण

| क. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | सार्वजनिक परिक्षण भएका आयोजना | |
| | ..... | ...... |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची २६

सार्वजनिक सुनुवाई सम्बन्धी विवरण

| क. सं. | विषय | स्थान | मिति | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

कार्यविधिको दफा ३ (ङ) सँग सम्बन्धित

अनुसूची २७

## क्षमता विकास कार्यक्रम सम्बन्धी विवरण

| क.सं. | क्षमता विकास कार्यक्रम क्षेत्र | प्रशिक्षण अवधि | संख्या | सहभागी | | | | | | बजेट स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नागरिक | | जनप्रतिनिधि | | कर्मचारी | | | |
| | | | | महिला | पुरुष | महिला | पुरूष | महिला | पुरूष | | |
| १ | पूर्वाधार | | | | | | | | | | |
| २ | पर्यटन व्यवसाय | | | | | | | | | | |
| ३ | कृषि व्यवसाय र बजार प्रवर्द्धन | | | | | | | | | | |
| ४ | सामाजिक सूरक्षा | | | | | | | | | | |
| ५ | बाल बिकास | | | | | | | | | | |
| ६ | लक्षित समुदाय | | | | | | | | | | |
| ७ | लैंगिक मूलप्रवाहीकरण | | | | | | | | | | |
| ८ | खेलकुद | | | | | | | | | | |
| ९ | उपभोक्ता समिति | | | | | | | | | | |
| १० | ससफाई तथा वातावरण | | | | | | | | | | |
| ११ | स्वास्थ तथा प्रजनन | | | | | | | | | | |
| १२ | शिक्षा | | | | | | | | | | |
| १३ | संस्था व्यवस्थापन | | | | | | | | | | |
| १४ | घरेलु तथा साना उद्योग | | | | | | | | | | |
| १५ | सहकारी | | | | | | | | | | |
| १६ | पशुपालन तथा पशु स्वास्थ्य | | | | | | | | | | |
| १७ | बजार व्यवस्थापन | | | | | | | | | | |
| १८ | व्यबसाय संचालन | | | | | | | | | | |
| १९ | ऐन र कानुन मस्यौदा सीप | | | | | | | | | | |
| २० | कार्यालय संचालन | | | | | | | | | | |
| २१ | राजस्व संकलन र परिचालन | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | सार्बजनिक खरिद | | | | | | | | | | |
| २३ | योजना तथा बजेट | | | | | | | | | | |
| २४ | अनुगमन तथा मूल्याङ्कन | | | | | | | | | | |
| २५ | मानव अधिकार | | | | | | | | | | |
| २६ | आत्मसूरक्षा | | | | | | | | | | |
| २७ | विपद व्यवस्थापन | | | | | | | | | | |
| २८ | कोष व्यवस्थापन | | | | | | | | | | |
| २९ | नेतृत्व बिकास | | | | | | | | | | |
| ३० | न्यायिक क्षेत्र | | | | | | | | | | |
| ३१ | स्थानीय शासन र संघीयता | | | | | | | | | | |
| ३२ | सुचना प्रबिधि | | | | | | | | | | |
| ३३ | संथागत बिकास | | | | | | | | | | |
| ३४ | सेवा प्रवाह | | | | | | | | | | |
| ३५ | सार्वजनिक वित्त व्यवस्थापन | | | | | | | | | | |
| ३६ | सीप विकास (भोकेसनल) तालिम | | | | | | | | | | |
| ३७ | वैदेशिक तालिम र अध्ययन | | | | | | | | | | |
| ३८ | पोषण सम्बन्धी तालिम | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | |

कार्यविधिको दफा ३ (ज) सँग सम्बन्धित

अनुसूची २८

**गत आ. व. को क्षेत्रगत खर्चको अवस्था**

| क.सं. | विषयगत क्षेत्र | विनियोजित बजेट | | | यथार्थ खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल (क) | चालु (ख) | पुंजीगत (ग=क-ख) | कुल (क) | चालु (ख) | पुंजीगत (ग=क-ख) | |
| १ | भौतिक पूर्वाधार विकास | | | | | | | |
| २ | सामाजिक विकास | | | | | | | |
| ३ | आर्थिक विकास | | | | | | | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | |
| ५ | सुशासन तथा संस्थागत विकास | | | | | | | |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची २९

गाउँ/नगरपालिका भित्रका असल अभ्यास एवं उल्लेखनीय कार्यको विवरण

| असल अभ्यासको संक्षिप्त विवरण |
|---|
| |
| उल्लेखनीय कार्यहरु |
| |

कार्यविधिको दफा ३ (घ) सँग सम्बन्धित

अनुसूची ३०

गाउँपालिका वा नगरपालिकाका प्रमुख समस्याहरु, जि. स. स. तथा मन्त्रालयसँगको अपेक्षा

| क्र. सं. | समस्याको संक्षिप्त विवरण एवं अपेक्षा | व्यहोरा |
|---|---|---|
| १ | गाउँपालिका वा नगरपालिकाका प्रमुख समस्याहरु | |
| २ | जि. स. स. सँगको अपेक्षा | |
| ३ | मन्त्रालयसँगको अपेक्षा | |

कार्यविधिको दफा ८ सँग सम्बन्धित

अनुसूची ३१

जिससबाट अनुगमन पृष्ठपोषण गर्ने फाराम

(डेक्स रिभ्यु)

| | |
|---|---|
| स्थानीय तहबाट विषयक्षेत्र बमोजिम भरिएको विवरण | विवरणको सारांश (लक्ष्य र प्रगति खुल्ने गरी) |
| जि. स. स. को टिप्पणी | |
| मूल्याङ्कन र टिप्पणीसँग सम्बन्धित संलग्न कागजात भएमा सोको विवरण | |

कार्यविधिको दफा ८ सँग सम्बन्धित

अनुसूची ३२

## जिससबाट अनुगमन पृष्ठपोषण गर्ने फाराम

(फिल्ड मनिटरिङ)

१. अनुगमन गरिएको स्थानीय तह र वडा:

२. अनुगमन कार्यमा संलग्न पदाधिकारी

| क. सं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३. अनुगमन मितिः

४. अनुमगनको विषयक्षेत्र र उद्देश्यः

५. अनुगमन गर्दा देखिएका विषय:

| | |
|---|---|
| जि. स. स. को टिप्पणी | |
| फिल्ड मनिटरिङसँग सम्बन्धित संलग्न कागजात भएमा सो को विवरण | |